नारायण पौडेल
प्रमुख प्रशासकीय अधिकृत

माण्डवी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, नयाँगाउँ, प्युठान, ५ नं. प्रदेश, नेपाल

मिति २०७५/०६/१८ गते यस माण्डवी गाउँ कार्यपालिकाको बैठकका प्रस्ताव तथा निर्णयहरु:

**प्रस्तावहरु,**

१ गाउँसभा बैठक सम्बन्धमा ।
२. कानुन पारित सम्बन्धमा ।
३. सूचना प्रविधि अधिकृत सम्बन्धमा ।
४. खानेपानी तथा सरसफाई टेक्निसियन सम्बन्धमा ।
५. सिभिल बैंकमा खाता खोल्ने सम्बन्धमा ।
६. आ.ब. २०७४/०७५ को काम आय व्यय विवरण तथा लेखापरिक्षण प्रतिवेदन सम्बन्धमा ।
७.ढुंगा, गिट्टी, बालुवाको दर सम्बन्धमा ।
८.ईन्टरनेट संम्बन्धमा ।
९. घरभाडा सम्झौता म्याद थप्ने सम्बन्धमा ।
१०.जे.सि.पी. हेल्परको नियुक्ति र जे.सि.पी अपरेटरको घण्टाको भत्ता सम्बन्धमा ।

**निर्णयहरु**

निर्णय नं. १ प्रस्ताव माथि छलफल गर्दा लेखापरिक्षण प्रतिवेदन तथा बेरुजु फछ्यौटका लागि कार्यपालिका हुँदै गाउँसभाबाट अनुमोदन गर्नुपर्ने भएकाले यही मिति २०७५/०६/२२ गते कार्यापालिकाबाट छलफ चलाउदै मिति २०७५/०६/२३ गते गाउँ सभा राख्ने निर्णय गरियो ।

निर्णय नं.२ प्रस्ताव नं.२ माथि छलफल गर्दा व्यवसाय दर्ता तथा नविकरण निर्देशिका, २०७५ यस कार्यापालिकाको बैठकबाट पारित गरियो । त्यसैगरी माण्डवी गाउँपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको कानुन २०७५ गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ प्रस्ताव नं.३. माथि छलफल गर्दा मिति २०७४/१०/२९ गतेको यस गाउँपालिकाको निर्णय अनुसार नियुक्ति पाई कामकाज गर्दै आउनु भएका सूचना प्रविधि अधिकृत श्री अनिल अधिकारीलाई संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अर्न्तगत स्थानिय शासन तथा सामुदायिक विकास कार्यक्रमको प.स. २०७४/०७५, च.नं. ४७७ मिति २०७५/०३/२४ को पत्रबाट सूचना प्रविधि अधिकृतको म्याद मिति २०७५ श्रावण १ देखि पौष मसान्त सम्म थप गरि २५ प्रतिसत तलब भत्ता र गाउँपालिकाबाट ७५ प्रतिसत तलब भत्ता थप गरि २५ प्रतिसत तलब भत्ता LGCDP बाट बेहोर्ने परिपत्र भए बमोजिम सूचना प्रविधि अधिकृतको तलब हाल LMBIS मा प्रविष्टिको प्रक्रियामा रहेकाले उक्त रकम प्राप्त भएपछि

नारायण पौडेल
प्रमुख प्रशासकीय अधिकृत

शोधभर्ना हुने गरी तत्कालका लागि यस गाउँपालिकाबाट मिल्दो जुल्दो खर्च शिर्षकबाट तलब भत्ता बापतको रका उपलब्ध गराउने व्यवस्था मिलाउन संघीय मामिला तथा सामान्य प्रशान मन्त्रालयको LGCDP को प.स. २०७५/०७६ चं नं १५६ मिति २०७५/०६/११ गतेको पत्रअनुार रकम प्राप्त भएपछि शोधभर्ना गरि तत्कालका लागि गाउँपालिकाको मिल्दो खर्च शीर्षकबाट १०० प्रतिसत तलब भत्ता भुक्तानि दिने निर्णय गरियो ।

निर्णय नं. ४ : प्रस्ताव नं. ४ माथि छलफल गर्दा साविक जिल्ला प्राविधिक कार्यालय खा.पा.स.टे. पदमा अस्थायी रुपमा कार्यरत श्री सूर्य बहादुर धामी स्थानिय पूर्वाधार विभागको मिति २०७४/०५/०४ को निर्णय तथा जिल्ला कर्मचारी व्यवस्थापन समितिको मिति २०७४/०९/२० मा बसेको बैठकको निर्णय अनुसार मिति २०७४/१०/०२ गते देखि तलब भत्ता जिल्ला प्राविधिकबाट खाई यस गाउँपालिकामा कामकाज गर्दै आउनु भएको थियो , आ.व. २०७५/०४/०१ देखि २०७६ असार मसान्त सम्म यसै गाउँपालिकाको वित्तिय समानीकरण तथा आन्तरिक आय समेतबाट साविक खाईपाई आएको सेवा सुविधा सहित निरन्तरता दिन भनी संघिय मामिला तथा स्थानिय विकास मन्त्रालयको प.स. २०७५/०७६ चं.नं. ४०६ मिति २०७५/०४/२६ गतेको पत्रानुसार १ वर्ष (२०७५/०४/०१ देखि २०७६ असार मसान्त सम्म) साविक खाईपाई आएको तलब भत्ता सेवा सुविधा सहित निरन्तरता दिने निर्णय गरियो ।

निर्णय नं. ५ : प्रस्ताव नं. ५ माथि छलफल गर्दा नेपाल राष्ट्र बैंकको प.स. स.का. इजाजत सिभिल बैंक २०७५/०७६ मिति २०७५/०४/३० को पत्रबाट यस माण्डवी गाउँपालिकाका ग वर्गको सरकारी कारोबार संञ्चालन गर्न सिभिल बैंकलाई स्वीकृत प्रदान गरेको आ.व. २०७५/०७६को यस गाउँपालिकाको आर्थिक कारोवार सिभिल बैंक जस्पुर शाखाबाट गर्ने निर्णय गरियो । यसका लागि सिभिल बैंकमा खाता खोल्नका लागि कोष तथा लेखा नियन्त्रको कार्यालय खलंगा प्यूठानलाई सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. ६ : प्रस्ताव नं. ६ माथि छलफल गर्दा आ.व. २०७४/०७५ को आय व्यय विवरण, आ.व. २०७४/०७५ लेखापरिक्षण प्रतिवेदन बेरुजु सम्बन्धि आजको यस कार्यापालिकाको बैठकमा व्यापक छलफल गरी आगामी दिनहरुमा अझ सुधार गर्ने निर्णय गरियो ।

निर्णय नं. ७ : प्रस्ताव नं. ७ माथि छलफल गर्दा नदी जन्य ढुंगा ,गिट्टी, बालुवा उत्खनन्, संकलन गर्ने कार्यका लागि भ्याट बाहेकको रु ९,००,००० को न्यूनतम कबोल गर्नुपर्ने रकम राख्ने र प्रति ट्याक्टर प्रति ट्रिप रु २०० र प्रति टिपर रु७०० को दर तोकी मिति २०७५/०६/१९ गते राष्ट्रिय स्तरको दैनिक पत्रिकाबाट सूचना प्रकाशित गर्ने निर्णय गरियो ।
निणर्य नं. ८: प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस गाउँपालिकाले एकीकृत सम्पत्ति कर डाटा बेस सफ्टवेयर सिस्टम बाट उठाउने, ई- बेब बेस्ड ई एटेन्डेन्सलाई लागू गर्ने र घटना दर्ता

नारायण पौडेल
प्रमुख प्रशासकीय अधिकृत

माण्डवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नयाँगाउँ,
५ नं.

प्रणलीलाई अनलाईन इन्ट्री भर्ने लगायतको कार्यको लागि इन्टरनेट सेवा विस्तार गर्ने निर्णय गरियो । यसका लागि यस गाउँपालिका कार्यालय, तिराम, सम्पर्क कार्यालय रम्दी वडा कार्यालय र सम्पर्क कार्यालय, नयाँगाउँ वडा कार्यालय स्वास्थ्य चौकी नयाँगाउँ , माण्डवी मा.वि. नयाँगाउँमा फाईबरसहितको इन्टरनेट जडान र बाकि ३ वटा मा.वि. र ४ वटा स्वास्थ्य चौकीमा इन्टरनेट विस्तार गर्नुपर्ने भएकाले कोटेशन मार्फत कार्य अगाडी बढाउने प्रमुख प्रशासकीय अधिकृतको सचिबलाई निर्देशन गर्ने निर्णय गरियो । साथै इन्टरनेट महशूल बापतको रकम वार्षिक आ.व. २०७५/०७६ को एकमुष्ट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ९ : प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस माण्डवी गाउँपालिकाले कार्यालय प्रयोजनका लागि लिईदै आएको घरभाडा यस आ.व. २०७५/०७६ को श्रावण १ देखि अशोज मसान्त सम्मका लागि करार सम्झौता निरन्तरता गर्ने निर्णय गरियो ।

निर्णय नं. १० : प्रस्ताव नं. १० माथि छलफल गर्दा जे.सि.पि. सहयागीमा कार्यरत श्री यज्ञ बहादुर गुरुङ लाई यही मिति २०७५ साल श्रावण १ गतेदेखि लागू हुने गरी मासिक रु ५०००।- र प्रति घण्टाको दरले पारिश्रमिक दिई नियुक्ति गर्ने निर्णय गरियो । जे.सि.बी अपरेटरको प्रतिघण्टा रु १५० भएकोमा त्यसमा वृद्धि गरी प्रतिघण्टा रु २०० बनाउने र अपरेटरले खाना खाजा आफै व्यवस्था गर्ने भनी निर्णय गरियो ।

**समाप्त**

नारायण पौडेल
प्रमुख प्रशासकीय अधिकृत

माण्डवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नयाँगाउँ, प्युठान
५ नं. प्रदेश, नेपाल